# खेलकुद सेवकाईको निम्ति बाइबलीय आधार

खेलकुद सेवकाईको निम्ति बाइबलका रक्षात्मक सिद्धान्तहरु

**चर्च स्पोर्टस् इन्टरनेशनल्**

द्वारा तयार पारिएको पुस्तिका

**लेखक**

रोजर ओस्वाल्ड

यस पुस्तकमा भएका कुनै पनि सामग्री प्रकाशन गर्न प्रकाशकको अनुमति लिनुपर्नेछ ।

# विषय सूचि


| | पेज |
|---|---|
| सन्दर्भलाई परिभाषित गर्दा | ३ |
| आदेश | ४ |
| माध्यम | ४ |
| विधि प्रणाली | ६ |
| दैवीक भेदका सिद्धान्त | ६ |
| मानवीय योग्यताका सिद्धान्त | ७ |
| स्वाधीनताका सिद्धान्त | ७ |
| मौन रहनुका सिद्धान्त | ८ |
| अन्य सिद्धान्तहरु | ९ |
| निर्श्कष | ९ |
| **र्चच स्पोर्टस् इन्टरनेशनल** सामग्रीहरु | १० |


यस पुस्तकमा भएका कुनै पनि सामग्री प्रकाशन गर्न प्रकाशकको अनुमति लिनुपर्नेछ।

# खेलकुद सेवकाईको निम्ति बाइबलीय आधार

## सन्दर्भलाई परिभाषित गर्दा

जब खेलकुद सेवकाईको प्रशंग आउँछ, यसको अर्थमा बृहत भिन्न विचार आउने गर्दछ । छलफलमा सम्लग्न व्यक्तिहरुको संख्या जति छन् त्यति नै संख्यामा परिभाषा आएको पाउन सक्छौं ।

स्पष्टिकरण र स्पष्ट संचारको निम्ति, खेलकुद सेवकाई के हो भन्ने बारेमा सहमति हुँदा त्यसले आज्ञासूचकको काम गर्छ ।

यसलाई परिभाषीत गर्न, पहिलो कदमको रुपमा खेलकुद शब्दको परिभाषीत गर्नुपर्छ भन्ने हुन्छ । केहि मानिसहरुलाई खेलकुद भन्ने शब्दले अमेरिकि चार प्रमुख

खेलकुदः फुटबल, बास्केट बल, बेस बल, र ट्र्याक एण्ड फिल्ड – फुटबलले आजभोलि ट्र्याक एण्ड फिल्डको स्थान लिइसके तापनि । अर्का मानिसहरुलाई, खेलकुद भन्ना साथ निकै प्रतिस्पर्धात्मक सामूहिक खेलकुद भनि बुझ्फाउँछ । यद्दपि, वास्तविक अर्थमा खेलकुद शब्दलाई प्राय (र यो सन्दर्भमा पनि) मूल रुपमा शारीरिक, मनोरञ्नात्मक र/वा फुर्सतमा गरिने क्रियाकलापको रुपमा समेटिएको पाइन्छ । साधारण क्रियाकलापलाई जसमा नानीहरु सम्लग्न हुन्छन त्यसलाई पनि खेलकुद भनिन्छ; हामी यसलाई खेल, वा गैर उत्पादनकारी, गैर उपयोगि (आम्दानी नहुने), निशुल्क र तत्काल गरिने गतिविधिको रुपमा उल्लेख गर्दछौं । खेलकुद मनोरञ्नात्म गतिविधिहरुको निम्ति पनि प्रयोग गर्न सकिन्छ जाहाँ प्रतिस्पर्धा समावेश हुँदैन, उदाहरणको लागि क्याम्पिङ्ग, हाइकिङ्ग, क्रापटिङ्ग; देखि यस्तो गतिविधि जाहाँ समूहको सहकार्य हुन्छ, उदाहरणको लागि बेस बल, बास्केट बल, वा यस्तो खेल जसमा व्यक्तिगत सम्लग्नता हुन्छ जस्तै गल्फ, टेनिस र पौडि ।

जब कसैले खेलकुद शब्दको बारेमा विचार गर्छ वृहत रुपमा क्रियाकलापहरुलाई हेर्नु अति महत्वपूर्ण हुन्छ, यस्ता गतिविधिहरु जुन साधारण देखि जटिल सम्म । यो कुरालाई ध्यानमा राखेर, खेलकुदलाई यस्तो गतिविधि भनि परिभाषीत गर्न सकिन्छ जोः

१. पुश्तौं देखि प्रयोग भएको
२. सबै जाति सम्लग्न हुन मिल्ने
३. क्षमता सामेल भएको
४. तीव्रता सामेल भएको
५. अंकको हिसाबले मुल्याङ्कन हुने

यसको अर्थ खेलकुदको परिभाषामा पुरुष र महिला; बालक देखि बृद्ध सम्म; शीप भएका, सिकारु र शारीरिक असक्ष्मता भएकाहरु; पूर्ण प्रतिस्पर्धात्मक र प्रतिस्पर्धा नहुने अनेक प्रकारको क्रियाकलाप जुन भित्री वा बाहिरी रुपमा सञ्चालन गरिन्छ, खेल मैदान वा फूलको बगैंचामा सबै सम्लग्न हुनुपर्छ ।

परिभाषा अझै जटिल हुन्छ जब खेलकुद शब्द संग संगै सेवकाई पनि जोडिन्छ । धेरैले खेलकुद सेवकाई विपरीत लक्षण अलंकार भनि सोंच्छन् ... दुई दृष्टिकोण एक अर्को संग अलग छन् र संगै आउन सक्दैनन् ।

यि दुई शब्द जब संगै प्रयोग गरिन्छ यसको विशेषता तब स्वीकार हुन्छ यदि सेवकाईको आधारभूत अर्थ हामी बुझ्छौं र प्रयोग गर्छौं । ग्रीक भाषामा, सेवक (दाइकोनोस) शब्दले 'सेवा गर्ने व्यक्तिलाई बुझ्फाउँछ' । हिब्रू भाषामा, सेवब (मस्हारेथ) शब्दको पनि अर्थ त्यहि हो । यो शब्दले 'सेवा' लाई प्राथमिकता दिन्छ ।

पक्कै पनि यो प्रश्न सोध्नु सान्दर्भिक हो, 'कसलाई सेवा गर्ने वा केलाई सेवा गर्ने ?' जवाफमा यहि हो कि सम्भव छ सेवा गर्नः

१. परमेश्वरको
२. मण्डलीको
३. हराएकाहरुको

प्रत्येक व्यक्तिलाई परमेश्वरको महिमा गर्न सृष्टि गरिएको हो, र त्यस व्यक्तिको जीवन जिउदो वलिदान हुनु पर्छ (रोमी १२:१), भन्ने कुरा जब जान्दछ तब त्यस

व्यक्तिले परमेश्वरको 'सेवा' गर्नसक्दछ । कुनै पनि व्यक्तिले त्यो मिस्त्री, पाष्टर वा खेलाडि (मनोरञ्जनका निम्ति खेल्ने खेलाडिले पनि) गर्नसक्दछ । पवित्र आत्मावाट पएका अफू संग भएका आत्मिकि बरदानहरु प्रयोग गर्न सर्मपित भएको व्यक्तिले मण्डलीको सेवा गर्न सक्छ – र ख्रिष्टको देहलाई पूर्णतामा निर्माण गर्न सक्ने प्राकृतिक क्षमता (एफिसी ४) । हराएकाहरुको सेवा त्यस बेला गर्न सकिन्छ जब प्रत्येक क्रियाकलापलाई येशू ख्रिष्टको नमूना प्रस्तुत गर्ने र वा घोषणा गर्ने मौकाको रुपमा हेरिन्छ ।

प्राय मानिसहरुले खेलकुद र मनोरञ्जनलाई फाल्तु वा गैर आत्मिक भन्छन् जब कि तथ्य यो हो कि ती केबल खेलहरु मात्र हुन् । यद्दपि, उचित प्रकारले बुझ्केका र संचालन गरिएका खेलकुद सेवकाईले खेल प्रयोग गर्न सक्छन्, तर सेवकाई केबल 'खेल खेल्नु' मात्र होइन । सेवकाईलाई खेलकुद शब्द निकट रुपले प्रयोग भएको हुदा, अन्तिम लक्ष्य भनेको गहिरो आत्मिक कुराहरु हो । पूर्व अवधारणामा नभई प्रतिफलमा ध्यान दिएर कुनै पनि कुराको मूल्याङ्कन गर्नु उचित हुन्छ । यदि मानिसहरुले ख्रिष्ट चिन्छन् र ख्रिष्टमा जितिन्छ; यदि मानिसहरु विश्वासमा अघि वढीरहेका छन् र ख्रिष्ट संगको यात्रामा वलिया भएका छन् भने; यदि ख्रिष्टको देहमा मानिसहरु थपिएका छन् भने... त्यो फाल्तु पनि होइन र गैर आत्मिक पनि होइन । यो काहाँ हुन्छ त्यो कुरा आवश्यक हुदैन, तर के हुन्छ त्यो महत्वपूर्ण हुन्छ ।

## आदेश

मण्डलीमा खेलकुद र मनोरञ्जनको स्थान पत्ता लगाउने प्रयास गर्दा, निम्न प्रश्नहरु सोधिन सक्छ 'विश्वासीलाई मान्य हुने के स्पष्ट आदेश छ ?' 'के त्याहाँ सबै विश्वासीलाई लागू हुने प्रभुले दिनुभएका मुख्य आदेशका उल्लेख छ ? येशूले यि प्रश्नहरुको उत्तर सुसमाचारका चारै पुस्तकमा दिनुभएका छन् र यो प्रेरितको पुस्तकमा पनि पाउन सकिन्छ । मर्कूस १६:१५ मा, येशूले भन्नुभएको छ कि सुसमाचार सबैलाई प्रचार गरिनुपर्छ । लूका २४:४७ मा येशूले भन्नुभएको छ कि उहाँको नाममा भएको क्षमादानको घोषणा सबै राष्ट्रहरुमा गरिनु पर्दछ । मत्तिमा येशूले भन्नुभयो कि चेलाहरु सबै राष्ट्रबाट बनाइनु पर्छ (मानिसका समूहवाट) । यूहन्ना १७:१८ मा येशूले आफ्ना पितालाई प्रथना गर्दा चेलाहरुलाई संसारमा पठाउँदै छु भने जसरी पिताले उहाँलाई पठाउनुभयो । कसै कसैले प्रेरितहरुका बारेमा येशले भन्नु भएको भनि सोंच्छन्, तर २० पदमा येशले भन्नुभयो, 'म यिनीहरुका(प्रेरितहरु) निम्ति मात्र प्रार्थना गर्दिन, तर यिनीहरुका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरुका निम्ति पनि प्रार्थना गर्छु' ।

बहसमा, अन्तिममा उल्लेख गरेका कुरालाई छानिन्छ किनकि मानिसहरुले अन्तमा भनेका कुरा सम्झने गर्दछन् । यद्दपि प्रेरित १:८ र पुनरुत्थान पस्चातका दृश्य हेर्ने हो भने जब येशू स्वर्गमा उचालिनु अघि पृथ्वीमा आफ्ना अन्तिम शब्दहरु भन्नुभयो: '... र तिमीहरु यरुशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ' यसले आदेशलाई अझ सहयोग पुऱ्याउँछ ।

आदेश स्पष्ट छ ... येशू नाउँको घोषणा गरिनुपर्छ । येशूको बारेमा प्रचार गरिनुपर्छ । त्याहाँ साक्षी हुनुपर्ने छ । येशू ख्रिष्टको साक्षी हुनुपर्छ जो संसारमा पुग्नुपर्छ ।

## माध्यम

यद्दपि येशूको आदेश स्पष्ट छ, ... यो कसले गर्नु पर्ने ? तथ्य बाँकि रहन्छ । चेलाहरुको बोलावट (मत्ति ४:१९; मर्कूस १:१७) मार्फत यो स्पष्ट भएको देखिन्छ कि येशूले व्यक्तिको जीवनमा प्रभाव पार्नुहुन्छ ताकि ती व्यक्तिले गएर अरुलाई प्रभाव पार्न सकोस् । प्रेरित पावलले पक्कै पनि यो सिद्धान्त बुझ्े र शिक्षा दिए ( दोस्रो तिमोथी २:२) ।

प्राय जसो यस व्यक्तिगत जिम्मेवारीलाई 'बोलावट' भनिन्छ । यद्दपि म विश्वास गर्छु कि 'बोलावट' लाई अझै विशेष प्रकारले प्रयोग गरिएको छ (मुख्यत: पाष्टर र/वा सेवकहरुलाई प्रयोग गर्दा), त्याहाँ यस्तो दृश्य छ जाहाँ येशूले विश्वासीलाई भन्नुहुन्छ, 'मेरो पछि लाग....' यसलाई साधारण बोलावट भन्न सक्छौं जसले आफूलाई विश्वासी भन्छन्(ख्रिष्टको पछि लाग्नेहरु) वा चेला (जो पछि लाग्छन्, सिक्छन् र सिकेका कुरालाई प्रयोगमा ल्याउँछन्) ।

साधारण बोलावट पारि, व्यक्तिगत बोलावटको बारेमा वचनले स्पष्ट उल्लेख गरेको छ । दास्रो कोरिन्थी ५:१७-२० मा प्रेरित पावलले 'नयाँ कुराको' व्याख्या गर्छन् जो मानिस ख्रिष्टमा छन् (विश्वासी) । १८ पद अनुसार ती मध्य एउटा कुरा हो, मिलापको सुसमाचारको... सेवक(दास) बन्नु ताकि परमेश्वरले त्यो

'म' मा गर्नुभयो भने उहाँ 'तिमी' मा पनि गेर्न चाहनुहुन्छ । परमेश्वरको मिलापको प्रमको सन्देशको दास हुनु संग संगै, जो ख्रिष्टमा छन् उनीहरुलाई ख्रिष्टको राजदूत हुनको निम्ति पनि बोलाइएको छ – संसार भर हाम्रा राजाका नीतिहरुको प्रतिनिधित्व गर्न । यस बोलावट प्रति व्यक्तिगत दृढ इच्छा त्यसबेला देखिन्छ जब हामी मानिसहरुलाई परमेश्वर संग मिलापमा आउन अनुरोध गर्छौं(विनय पूर्ण अनुरोध, विनती गर्नु) ।

साधारण र व्यक्तिगत बोलावट संगै, प्रेरितको पुस्तकमा आधारित विशिष्ट बोलावट पनि छ । जसै मण्डली जन्मिन्छ र बृद्धि हुन्छ त्याहाँ विभिन्न मानिसहरु हुन्छन् जो सुसमाचार सन्देशको लागि 'बोलाइएका' हुन्छन् । यि सबै व्यक्तिहरु नत आत्मिकी बलावनहरु, आध्यात्मीक अध्ययन गरेका, नत मण्डलीमा लामो समय देखि कार्यरत अगुवा नै हुन् । प्रेरित १५ वाट एउटा उदाहरण प्रयोग गर्दा, मर्कूस भनिने यहून्नालाई दोस्रो प्रचार यात्रामा संगै लैजाने कुरामा असहमत भएर पावल र बारनाबास छुटेका पाउँछौं । बारनाबास किन मर्कूसलाई साथमा लिएर जान यति असहमत थिए भन्ने कुरा स्पष्ट छैन । यद्दपि अनुमान गर्न सकिन्छ कि यो पारिवारीक सम्पर्क हुनसक्छ, बारनाबासले मर्कूसमा केहि विशेष क्षमता देखेका हुनसक्छ जसले गर्दा विगतका असफलतालाई पन्छाएर सुसमाचारको निम्ति उनलाई अद्भूत प्रकारले सेवाको लायक सम्झे । पक्कै पनि मर्कूसले लेखेको सुसमाचारले बारनाबासको विश्वासलाई समर्थन गर्छ ।

जब बारनाबासले मर्कूसलाई लिएर गए, पावलले सिलास भन्ने व्यक्तिलाई आफू संग लाग्नको निम्ति छाने । 'सिलासलाई किन ?' भनि प्रश्न सोधिनु उचित देखिन्छ । यद्दपि वचनले यो प्रश्नको उत्तर दिँदैन, केही निश्कर्ष भने निकाल्न सकिन्छ । पावल रोमीहरुलाई प्रचार गर्न जाँदैथिए । रोमी नागरिकलाई लैजानु भन्द उचित अरु के हुनसक्थ्यो ? पावल यरुसलेमको परिषद्को प्रतिनिधिको रुपमा जाँदैथिए । त्यस परिषद्का सदश्य लैजानु भन्दा उचित अरु के हुनसक्थ्यो ? पावल जिउँदो परमेश्वरको बारेमा प्रचार गर्न जाँदैथिए । परमेश्वरको अगम्वक्ता लैजानु भन्दा उचित अरु के हुनसक्थ्यो ?

परमेश्वरको इच्छाले, सिलास रोमी नागरिक ( प्रेरित १६:३७), यरुशलेम परिषद्का सदश्य (प्रेरित १५:२२), र अगम्वक्ता (प्रेरित १५:३२) थिए । तर यो बारेमा विचार गर्नुहोस... के यस्तो हुनसक्छ, पावलले सिलासलाई लिएर गए किनभने उ संग उचित अनुगमन पत्र थियो, उचित संस्थाको सदश्य थियो, र परमेश्वरको प्रवक्ता थियो ? यद्दपि पहिलो दुई भन्दा पनि अन्तिम कारण चाहिं पक्कै पनि महत्वपूर्ण थियो । सम्भवत: पावलले सिलासलाई लिएर गए किनभने सुसमाचारको निम्ति उसमा भएका विशेषतालाई प्रयोग गर्न परमेश्वरको 'विशेष बोलावट' थियो ।

यसको अभिप्राय यही हो कि प्रत्येक व्यक्ति संग अद्भूत वरदानहरु र योग्यताहरु छन् जसले त्यस व्यक्तिलाई विशेष अवस्थामा महत्वपूर्ण बनाउँछ । यद्दपि कोही 'सुसमाचारको निम्ति लाभदायक हुन सक्छन्' किनभने उनीहरुले गाउन र संगीतका साधनहरु बजाउन सक्छन् भने अरु लाभदायक हुनसक्छन् किनभने उनीहरुले फुटबल हान्न सक्छन्, बेस बल हिर्काउन सक्छन्, सरल रुपमा दौडन सक्छन्, वा बास्केट बल ठीक प्रकारले प्रहार गर्न सक्छन् । के यो विशेष बोलावटले खेलाडिले अन्य खेलाडि माझ विशेष सीपको कारण प्रवेश गर्ने ठाउँ प्राप्त गर्दछ ? के एक व्यक्तिको क्षमताले लाखौं दर्शक, पाठक वा खेलामा मनोरञ्नको निम्ति सहभागी खेलाडिलाई प्रभाव पार्ने मौका सृजना गर्नसक्छ ? साधारण र व्यक्तिगत बोलावट हुन्छ भन्ने हामीले थाहा पायौं, त्याहाँ विशिष्ट बोलावट पनि छन् जसै मानिसले आफ्नो अद्भूत योग्यता वा क्षमता उद्धारकर्ताले दिएको आदेश पूरा गर्न प्रयोग गर्छन् ।

पक्कै पनि परमेश्वरले कहिल्यै पनि एक्लै व्यक्तिगत रुपमा कार्य गर्नु भन्ने अभिप्राय होइन । आदेशद्वारा, उहाँको उपस्थितीद्वारा, र उहाँको बरदानद्वारा, परमेश्वरले 'मण्डली' भनि चिनिएको ठूलो समूहको अंग भएको चाहनुहुन्छ । ग्रीक भाषामा 'मण्डली'(इक्लेसिया) शब्दले यस्ता मानिसहरुलाई जनाउँछ जो 'बोलाइएका व्यक्ति' हुन्, यो सन्दर्भको पूर्ण आकृति 'स्थानीय भेला' को रुपमा देख्न सकिन्छ जसलाई हिब्रूले हामीलाई नत्याग्नु भनेका छन् । प्रेरितको पुस्तकमा जन्म भएको मण्डलीले पहिलो र दास्रो तिमोथी र तीतसमा देहको रुपमा आकार पाएको हामी देख्न सक्छौं र 'मण्डली' जुन येशूले निर्माण गर्छु भन्नु भएको थियो(मत्ति १६:१८) । पाष्टरीय पत्रहरु पढ्यौं भने स्थानीय मण्डलीको

सेवकाई स्पष्ट हुन्छ । केहि व्यक्तिहरु प्रमुखताको विषयमा बहस गर्छन्, स्थानीय मण्डलीका तिन मुख्य कार्य भएको देखिन्छः पहिलो, प्रभावकारी सामूहिक आराधना प्रदान/सृजना गर्नु; दोस्रो विश्वासमा अघि बढ्ने खालको बातावरण र अवसर सृजना गर्ने(उन्नति वा चेलापनको प्रकृया भनि यसलाई उल्लेख गरिन्छ), र तस्रो, माहान आज्ञा पूरा गर्न संचालन गर्ने (सुसमाचार प्रचार भनि यसलाई भनिन्छ) ।

### बिधि प्रणाली

यदि आदेश स्पष्ट, र आदेशलाई पूरा गर्ने माध्यम पनि स्पष्ट भने मण्डलीको अर्को काम भनेको आदेश पूरा गर्न बाइबलीय पद्धति पत्ता लगाउनु हो । यो स्थितिमा बचन अध्ययन गरि बाइबलवाट मण्डलीलाई खेलकुद र मनोरञ्जनात्मक सेवकाई परमेश्वरवाट प्राप्त जिम्मेवारी पूरा गर्ने माध्यम हो भन्ने पद र अध्यायहरु पत्ता लगाउनु राम्रो हुन्छ । खेलकुद र मनोरञ्जनात्मक सेवकाईलाई मण्डलीको प्रचार अभियानमा प्रयोग गर्नु भनि प्रत्यक्ष उल्लेख भएको अध्याय वा पद वाइबलमा छैन । अन्य विषयमा पनि बाइबल यस्तै प्रकारले मौन छ, तैपनि हामी गुणको आधारमा बाइबलको सिद्धान्तहरु प्रयोजनमा ल्याउँछौं । जस्तै, टिभि वा चलचित्र हेर्ने बारेमा बाइबल मौन छ यद्दपि कस्तो प्रकारको, वा कति हेर्ने, र कति समय बिताउने बारेमा बुझ्न सजिलो बनाउने सिद्धान्तहरु पाईन्छ ।

बाइबल टिभिको सन्र्दभमा मौन भएता पनि परिवर्तित सोंचका सिद्धान्त(रोमी १२:२) वा समयको बुद्धिमानी पूर्वक सदुपयोग गर्ने(एफिसी ५:१६) बारेमा भने मौन छैन । यसै प्रकारले ख्रिष्टको आदेश पूरा गर्न खेलकुद र मनोरञ्जनात्मक सेवकाई संग सम्बन्ध बनाइ प्रयोग गर्न मिल्ने सिद्धान्तहरु पाइन्छ । यी सिद्धान्तहरु पूर्ण रुपले नभएता पनि रक्षात्मक आधार प्रदान गर्छ जसले यस अद्भूत सेवकाईलाई व्यक्ति वा मण्डलीको सेवकाईमा सम्लग्न गर्न स्वीकृति, स्वतन्त्रता र प्रेरित गर्छ ।

### दैवीक भेदका सिद्धान्त

बाइबलमा उल्लेख भएको परमेश्वर महान् र विविध रुप भएको परमेश्वर हुन् । उहाँको अनेक रुपमा आफैलाई प्रस्तुत गर्नुहुन्छ (उहाँ त्रिएक परमेश्वर हुन् – पिता, पुत्र र पवित्र आत्मा) । उहाँको क्रियाकलाप पनि भिन्न छ (आफूले अनुभव गरेको आधारमा यहूदिले उहाँलाई येहोवा यिरे – जुटाउनु हुने परमेश्वर, वा येहेवा निस्सी – मेरो विजय झण्डा, जो मेरो अघि अघि जानुहुन्छ, वा एल इल्योन – सर्वशक्तिमान परमेश्वर । नयाँ करारमा, यूहन्नाले येशूलाई 'ढोका', 'पुनरुत्थान र जीवन', 'बाटो, सत्य र जीवन' र 'असल गोठालो', भनेका छन् उहाँको व्यक्तित्व व्यक्त गर्न ।

दुईवटै करारमा, परमेश्वरका रुपहरु सेवकाईमा भिन्ना भिन्नै पाइन्छ । परमेश्वरको इच्छा र कार्य पूरा गर्न, भिन्ना भिन्नै तरिकाले काम गर्नुहुन्छ । पूरानो नियममा, परमेश्वर आदम संगै हिड्नु हुन्थ्यो र कुरा गर्नुहुन्थ्यो; मोशा संग उहाँ बलीरहेको आगोको रुपमा देखा पर्नुभयो, र इस्राएलमा उहाँ शकैना ग्लोरी ( परमेश्वरको महिमा) हुनुहुन्थ्यो – राती आगोको खामो र दिनमा बादलको खामो । नयाँ करारमा येशूले कसै कसैलाई निको पार्नुभयो, तर सबैलाई होइन; उहाँले धेरैलाई प्रचार गर्नुभयो, तर थोरैलाई मात्र चेला बनाउनु भयो, बाह्र जानामा केन्द्रित भएर । उहाँले धेरैलाई प्रचार गर्नुभयो तर थोरैलाई मात्र हप्काउनुभयो, र केहिलाई जानी जनी चिढ्याउनु भयो । पवित्र आत्माले हामीलाई सल्लाह, शिक्षा र सान्त्वना दिनुहुन्छ । उहाँ सृजनात्मक र भिन्न हुनुहुन्छ । उत्पत्ति १:२६, २७ ले भन्दछ कि मानिस परमेश्वरको स्वरुपमा सृजना गरिएको हो । किनभने वचनले प्रकाश पार्छ कि परमेश्वर मासु र हाड होइन (लूका २४:३९), प्रश्न उत्पन्न हुन्छ,'कुन कुरामा हामी परमेश्वर जस्तै छौं ?' उत्तर हुन सक्छ कि हाम्रा परमेश्वर सृजनात्मक र भन्न हुनुहुन्छ, उहाँको सृष्टि त्यहि सृजनात्मक स्वभाववाट आशिषित छ – कोही अरु भन्दा धेरै, तर सबै सृष्टिमा समस्या संग जुध्ने र समाधान गर्ने, अबरोध माथि विजय प्राप्त गर्ने, र जीवनका परिस्थितीको सामना गर्ने क्षमता हुन्छ । लेखकले भन्न खोजेको कुरा यही हो कि परमेश्वरले मानिसलाई सृजनात्मक रुपमा आफ़ वरिपरि भएको संसार संग सामना गर्ने क्षमता प्रदान गर्नुभएको छ । पक्कै पनि ती क्षमता दोष पूर्ण र कमजोर हुन्छ जब सम्म मानिस येशू ख्रिष्टद्वारा परमेश्वरको सम्बन्धमा आउँदैन । सृष्टिर्कता जस्तै सृजनात्मक हुन 'सृष्टि भएकाहरुले' सिक्नु आवश्यक हुन्छ । यस् कुरालाई ध्यानमा राखि, मानिसले येशूको आदेश पूरा गर्न सृजनात्मक तरिकाहरु पत्ता लगाउनु तर्कसंगत देखिन्छ । यस्तो देखिन्छ कि मानिसले मण्डलीको सन्र्दभमा (माध्यम) रहेर, आदेश पूरा गर्न उत्तम विधि प्रणाली पत्ता लगाउनु पर्छ । यो सृजनात्मक

तरिका यही हुनसक्छ कि मानिसहरु खेलकुद र मनोरञ्जनात्मक सेवकाई प्रति धल्कियोस् – खेलकुद र मनोरञ्जन बढि महत्वपूर्ण भएको कारण होइन तर हराएका मानिसहरु संग सम्बन्ध विकास गर्न यो माध्यम हो । यस सम्बन्धद्वारा, ख्रिष्ट येशूमा भएको जीवन प्रस्तुत गर्न र घोषण गर्न सकिन्छ । यस्तो प्रश्न पनि सोध्न सक्छन्, 'हाम्रो समाजका मानिसहरु काहाँ छन् ? उनीहरु काहाँ भेला हुन्छन् ?' उत्तर हुन आउँछ व्यायाम केन्द्र र खेलकुद र मनोरञ्जन स्थलमा ।

## मानवीय योग्यताका सिद्धान्त

यस सिद्धान्त आत्मिक वरदान संग अल्मलिनु हुँदैन । यस सिद्धान्तले परमेश्वरवाट प्राप्त मानिसको दक्षता र सीपलाई संकेत गर्दछ । भजन संग्रह १३९ मा, लेखकले परमेश्वरलाई सर्बव्यपि भएको तथ्यको निम्ति प्रशंसा गरिरहेको पाउँदछौं – यति सम्म सर्वव्यपि कि उहाँ लेखको जन्ममा पनि नजिकवाट सम्लग्न थिए (भजन संग्रह १३९:१३) । परमेश्वरले उनलाई आत्मिक व्यक्ति( 'भित्रि भाग' हिब्रूमा प्राण र आत्मालाई संकेत गर्छ), शारीरिक व्यक्ति ('शरीरयष्टि' हिब्रूमा 'हाड' भन्न प्रयोग गर्ने शब्द) को रुपमा सृष्टि गर्नु भयो र यो कार्य परमेश्वरले विचार पूर्वक र सावधानी पूर्वक गर्नुभयो भनि लेखकले घोषणा गर्छन् ('सीप लगाएर काम गरेको' भनिन्छ हिब्रूमा निकै सावधानी पूर्वक बनाएको भन्नको निम्ति – शाब्दिकरुपीय अनुवाद गर्दा यस शब्दको अर्थ बुनिएको जालीदार काम, फिता मुलायम किसिमले बनाउनु) । बुझ्नु पर्ने कुरा यही हो कि परमेश्वरले प्रत्येक व्यक्तिलाई आफूले चाहेको जस्तै बनाउनु भयो र त्यो सृष्टि 'सावधानि पूर्वक र राम्रो प्रकारले' बनाउनु भयो ।

यदि पठकले हामी व्यवस्थित परमेश्वरको सेवा गर्छौं भद्रगोल होइन भन्ने कुरा स्वीकार गर्छ भने परमेश्वरको प्रत्येक गतिविधिमा अवधारणा र उद्देश्य... छ, शारीरिक दक्षता र क्षमता प्रदान गर्नुमा पनि । प्रस्थान ३५ र ३६ मा मोशाले परमेश्वरको आज्ञा पालन गरे र परमेश्वरको मन्दिर निर्माण गरे । परमेश्वरले तिनिहरुलाई परमेश्वरको बास स्थान निर्माण गर्नको निम्ति शारीरिक क्षमता दिनुभयो भनि यि दुई अध्यायले प्रकाश पार्दछ । स्वरुप विकास र निर्माण गर्नु पर्ने व्यक्तिलाई कारिगरलाई आवश्यक सीप प्रदान गर्नुभयो । परमेश्वर मानिसहरु माझ बास गर्नुहुन्थ्यो( प्रस्थान २५:८) भन्ने पुरानो करारमा उल्लेख भएको तथ्य हो । नयाँ करारमा, परमेश्वर उहाँका मानिसहरुमा बास गर्नुहुन्थ्यो (गलाती २:२०) ताकि तिनीहरुले लक्षित परमेश्वरको बासस्थान बनाओस् १ पत्रुस २ अध्यायमा पत्रुसले यसरी लेखेका छन्, 'तिमी ( हामी),जीवित पत्थरहरुझैं, पवित्र पूजाहारीगिरीको निम्ति आत्मिक घर झैं बनाइएका छौं ।' परमेश्वर विश्वासीमा बास गर्नुहुन्छ, जीवित पत्थरझैं, पूजाहारीगिरीको रुपमा हामीले आफ्नो भूमिका पूरा गर्नुपर्छ '(घोषणा गर्दै) उहाँको माहानता जसले तपाईंलाई अन्धकारवाट उहाँको आश्चर्यजनक ज्योतिमा बोलाउनु भयो ।' यसो गर्दा, हामी राज्य निर्माणमा सहभागी हुन्छौं, त्यो लक्षित आत्मिक घर सृष्टि गर्न । सिद्धान्त यही हो कि परमेश्वरले प्रत्येक मानिसलाई शारीरिक सीपहरु र/वा क्षमताद्वारा आशिषित बनाउनुभएको छ र प्रत्येक मानिस राज्य निर्माणमा सहभागी हुन्छ जब ती सीप र दक्षताहरु येशू ख्रिष्ट घोषणा गर्न प्रयोग गरिन्छ । यसको अर्थ यही हो कि जब गायकले गीत गाउँछ, वा पाष्टरले प्रचार गर्छ, वा जब खेलाडिले खेलकुदलाई परमेश्वरको उद्देश्य पूरा गर्न प्रयोग गर्छ, प्रत्येकले परमेश्वरको इच्छा पूरा गर्छ उहाँको राज्यको उद्देश्यमा । परमेश्वरले शारीरिक सृजनाद्वारा दिनु भएका सीपलाई प्रयोग नगर्नु भनेको उहाँको व्यवस्था र सर्वोच्चतालाई इन्कार गर्नु समान हो ।

## स्वाधीनताका सिद्धान्त

मण्डलीले खेलकुद र मनोरञ्जनलाई सेबकाईको माध्यमको रुपमा प्रयोग गर्नुपर्छ भन्ने आधार प्राप्त गर्ने प्रयास भएको कारण, स्वाधीनताको सिद्धान्त महत्वपूर्ण छ । यदि यो सिद्धान्त प्रमाणिक गरिदैन भने मण्डलीले यस्तो प्रकारको सेवकाई अपनाउन सक्दैन । पावल स्वाधीनताको प्रतिरक्षक थिए – अनुमति पत्रको लागि होइन, तर ख्रिष्ट येशूमा भएको बास्तविक स्वाधीनतको निम्ति । येशूले जस्तै उनले पनि धर्म वा मानव निर्मित नियम जसले विश्वासीलाई स्वतन्त्रता नभई बन्धनमा राख्ने कामगऱ्यो, त्यसको विरुद्ध संघर्ष गरे । वास्तवमा, १ कोरिन्थी ९ मा, पावलले जब, 'के म ख्रिष्टमा स्वतन्त्र छैन ...?' भने उनले स्वतन्त्रताको घोषणा गरे । उनले जे मन लाग्यो त्यही गर्न स्वतन्त्र छु भनेका होइनन्, नत कुनै अनैतिक कार्य गर्न स्वतन्त्र छु भनेका हुन् । उनले सुसमाचार घोषणा गर्ने काममा हस्तक्षेप गर्ने कुनै पनि प्रकारको मानव निर्मित नियमवाट उनी

स्वतन्त्र छन् भनि भन्न खोजेका हुन् । १ कोरिन्थी ९:२३ ले भन्दछ, 'म सुसमाचारको निम्ति सबै थोक गर्न तयार छु...' यो पावलको अघि बढ्न सघाउने इच्छा... सुसमाचार हो । यो उनको निम्ति यति महत्वपूर्ण थियो कि यदि त्यो ठूलो संख्याका स्रोताका निम्ति हो भने उनी सभामा बहस गर्न पनि तयार थिए । यस स्वतन्त्रताको घोषणा यति बलियो थियो कि उनीहरुको उद्धारको निम्ति उनले म यहूदी बन्न तयार छु भने (जो व्यवस्थामा छन्) वा 'मूर्ति पूजक' (जो व्यवस्था पालन गर्दैनन्) । पावलले भन्दै छन् कि उनी संस्कृति संग मिल्ने प्रकारले अघि बढ्न चाहन्छन् यदि आफ्नो संस्कृति छाडेर अरुको संस्कृति अपनाउन परेतापनि । जब पावलले आफ्ना यहूदी भाइहरुलाई समेट्न चाहन्थे उनी आराधना स्थलमा त्याहाँ प्रचलित वस्त्र लगाएर जान्थे र त्यसै प्रकारले अन्यजातिहरु माझ शहरका द्वार वा चोकमा पनि जान्थे । सुसमाचार प्रचारको निम्ति उनले संस्कृति अपनाउँथे । पावल यति टाँढा जान इच्छुक भए कि उनी विशेष स्थानमा समाजका विशेष समूह ( दार्शनिकहरुलाई भेट्न मंगल डाँडा) लाई सुसमाचार सुनाउन गए । उनले मूर्तीपूजकहरुको सभाघर सुसमाचारको प्रचारको निम्ति लिने जस्ता काम पनि गरे । यदि पावल यति स्वतन्त्र हुन सक्छन् भने के आजका मण्डली त्यतिकै स्वतन्त्र र सांस्कृतिक प्रसंगोचित हुन सक्छन् ? यदि त्यसो हो भने, मण्डलीहरु आजका 'मंगल डाँडा' वा 'टाइरानसका सभाघर' जानु पर्छ । यसको अर्थ हो मण्डली खेल मैदान वा त्यस्ता भवनहरुमा जाहाँ प्रतिस्पर्धा र खेलहरु आयोजना गरिन्छ त्याहाँ जानुपर्छ ।

पावलले गलाती ५ मा यस्तै स्वतन्त्रताका चर्चाहरुलाई सम्बोधन गरेका छन् । पहिलो पदमा पावलले भनेका छन्, 'स्वतन्त्रताको निम्ति ख्रीष्टले हामीलाई स्वतन्त्र पार्नुभएको छ; यसकारण दह्रा भएर खडा होओ र फेरि दासत्वको जुवामुनि नपर ।' पावलले सम्बोधन गरेको स्वतन्त्रता मानिसले बनाएका नियमहरुवाट स्वतन्त्र हुनु भनेका हुन् – यस सर्न्दभमा यहूदी महोत्सवमा विश्वासको कारण अनग्रहद्वारा मुक्ति पाउने नियम थप्नु हो । आज यस्ता मानिसहरु पनि छन् जसले खेलकुद र मनोरञ्जन सेवकाईलाई दोष लगाउँछन्, बाइबलले दोष्याएको कारण होइन तर मानिसले बनाएका नियमहरुले त्यसलाई गलत ठम्याएका छन् । पावलको जवाफ यस्तो हुन्छ कि मानिसको प्रचलन र नियमहरुवाट उनी स्वतन्त्र भैसके कि उनी उच्च नियमहरुमा चल्छन्... पहिलो हो कि उनी अनुग्रहद्वारा स्वतन्त्र पारिएका छन् । अर्को शव्दमा, पावल ख्रीष्टको घोषणा गर्नको निम्ति स्वेच्छाचारी नियमहरुद्वारा बन्चित नभइकन स्वतन्त्र हुन चाहन्थे । मण्डलीले कतै यसले वचनको स्पष्ट शिक्षालाई उलंघन त गर्दैन भन्ने एउटै प्रश्न सोध्नुपर्छ । ख्रीष्टमा स्वतन्त्रता छ – मुक्ति र शुद्धतमा परमेश्वरको अनुग्रह अनुभव गर्ने स्वतन्त्रता ताकि ख्रीष्टलाई चिनाउनको निम्ति स्वतन्त्रता जान्नको सकोस् । कोही कोही छन् जो खेलकुद र मनोरञ्जनलाई ति मध्यको एक स्वतन्त्रता हो भनि तर्क लागाउँछन् । लेखक पनि यसमा सम्मत छन् । वास्तवमा, यदि प्रेरित पावल आज जीवित हुँदो हो त, उनी सांगितीक खेलाडि हुने थिए होला किनभने संगीत र खेलकुद यि दुई संसारको यस्तो भाषा हो जसले येशू ख्रीष्टको घोषणा गर्न उनलाई सबै भन्दा ठूलो मौका दिनेथियो ।

## मौन रहनुका सिद्धान्त

प्राय जसो जब खेलकुद र मनोरञ्जनद्वारा सेवकाई गर्न आव्हान गरिन्छ, छलफलको विषय यही हुन्छ कि वचनमा स्पष्ट संग यस प्रकारको सेवकाईको उल्लेख छैन । मौनताले खेलकुद र मनोरञ्जन सेवकाईलाई प्रतिबन्ध लगाउने कुरा नै खलकुद सेवकाइको निम्ति बहसको विषय हो ।

यस विषयमा चर्चा गर्दा बाइबलले खेलकुद सेवकाईलाई बढावा दिएको पनि छैन र मण्डलीमा हुनुपर्छ भनेको पनि छैन । यसै प्रकारले, बाइबलले खेलकुद सेवकाईलाई होच्याउने, पन्छाउने वा मण्डलीमा यो हुनु हुँदैन भनेको पनि छैन । घोषणा गर्न उनलाई सबै भन्दा ठूलो मौका दिनेथियो । वास्तविकता यही हो कि बाइबल यस विषयमा मौन छ, तर जब वचनलाई ध्यान पूर्वक अध्यन गर्छ यसले बृहत रुपमा स्पष्ट पार्दछ । मौनताको संदर्भलाई हेर्दा, 'कसले बाइबल लेख्यो भनि सोध्नुपर्ने हुन्छ ?' यस प्रश्नको उत्तर दिन वचनवाट हेर्ने हो भने परमेश्वरले लेख्नुभयो भनि आउँछ (दोस्रो तिमोथी ३:१६; दोस्रो पत्रुस १:२१) । हो मानिस सम्लग्न थिए, तर वास्तविकता यही हो कि पवित्र आत्माको प्रेरणामा मानिसले लेखे र पवित्र आत्माले त्यो कुरा मात्र अघि रोखे जो परमेश्वरले बोल्नुभयो । तसर्थ, जब पावलले इसाई अनुभवलाई दौडमा सहाभागी हुने कुरा संग तुलना गरे, र हिब्रूका लेखकले इसाईको जीवनलाई धैर्यताको दौड भनि उल्लेख गरे, र जब पावलले

इसाईलाई खेलाडि संग तुलना गरे, वास्तवमा यो कसले यो लेख्यो त – मानिसले कि परमेश्वरले ? उत्तर हो परमेश्वरले ।

त्यसो भए यसले दोस्रो प्रश्नमा लैजान्छ – यो परमेश्वरको चरित्र संग सम्बन्धित छ । के उहा पवित्र हुनुहुन्छ ? स्वतः आउने उत्तर, हो; निश्कर्ष यही निस्कन्छ कि जे परमेश्वरले लेख्नुभयो त्यो सम्पूर्ण रुपमा धर्मी छ, पाप रहित, पूर्ण रुपमा पवित्र । यद्दपि, यदि खेलकुदको विषयमा केही सैतानी वा पापपूर्ण कुरा भएको भए, पवित्र परमेश्वरले खेलकुद वा खेलाडिको उल्लेख इसाई जीवनको रहस्य बनाउन प्रयोग गर्नुहुने थिएन । बाइबल मौन भएको अवस्थामा, खेलकुदको प्रसंग उल्लेख गर्नु भनेको परमेश्वरलाई खेलकुद संग कुनै पनि समस्या नहुनु हो । त्यसो नभए, उहाँले पहिलो कोरिन्थी, हिब्रुमा र दोस्रो तिमोथीमा तुलना गर्दा निलम्बनका कुरा पनि जोड्नु हुने थियो ।

## अन्य सिद्धान्तहरु

गहिराइमा नगएरै थुप्रै अरु सिद्धान्त प्रयोग गर्न सकिन्छ । उदाहरणको निम्ति, दशआंश र भण्डारेपनको सिद्धान्त मानिसको क्षमता सम्बन्धि सिद्धान्त संग प्रयोग गर्न सकिन्छ । यदि परमेश्वरले मलाई दिनुभएको छ भने के मैले त्यो उहालाई महिमा ल्याउने कार्यमा प्रयोग नगर्ने त ? के मलाई विश्वास गरेर परमेश्वरले दिनुभएको कुरालाई के मैले सावधानी पूर्वक हेरविचार र प्रयोग नगर्ने... बेसबल हिर्काउने दक्षता वा बास्केट बल प्रहार गर्ने क्षमता (यि क्रियाकलापहरु प्रदान गरेर परमेश्वरलाई महिमा र धन्यवाद दिन प्रयोग गरिन्छ) (कलस्सी ३:१७,२३) ?

अर्को शक्तिशालि सिद्धान्त हो तयारिको सिद्धान्त । इसाई अनुभवमा ख्रीष्टको स्वरुपमा निमार्ण हुने (रोमी ८:२९) कुरा सम्लग्न छ र यो प्रक्रिया म नमरुञ्जेल वा पुनरुत्थान नहोउञ्जेल पूरा हूदैन (फिलिप्पी १:६), याकूबले भनेका(याकूब १:२-४), पत्रुसले भनेका (पहिलो पत्रुस १:६,७) र पावलले भनेका(रोमी ५:३-५) मा उल्लेख गरेको चरित्र विकास गर्न कसरि सम्भव हुन्छ ? यि तिनै जानाले परिक्ष(समस्या) निखारिने प्रक्रियामा उल्लेख गरेका छन् । यो प्रक्रियालाई हामी आत्मिक लडाईमा सम्लग्न छौं (एफिसी ६:१०-२० पहिलो पत्रस ५:८) भन्ने तथ्यले प्रमाणित गर्दछ र, कुनै पनि सैनिकले जस्तै हामी अभ्यासको निम्ति जानु पर्छ । खेलकुदको प्रतियोगिता हुने स्थल सांसारीक कुराको निम्ति अभ्यास भूमी हो जाहाँ प्रतिस्पर्धिले आत्मिकि लडाईमा कसरी सफल हुने भनि सिक्नसक्छ ।

## निश्कर्ष

यद्दपि बाइबल खेलकुद र मनोरञ्जन सेवकाईका विशिष्ट सन्दर्भमा मौन छ, तर व्यक्ति र मण्डली माथि भएको ख्रीष्ट येशू चिनाउने आदेश पूरा गर्ने बोलावटका लागि भने बाइबल मौन छैन – आफ्नै घरको आगन देखि पूरै संसार सम्म । पवित्रतामा कुनै पनि सम्झौता नगरि अति प्रभावकारी तरिका पत्ता लगाउनु सबै भन्दा बुद्धिमानी हुन्छ । खेलकुद र मनोरञ्जन केवल खेलहरु मात्रै भएको कारण यसलाई पाप र व्यक्ति र मण्डलीको निम्ति यो गलत हो भन्नु पक्षपात हो । यदि परमेश्वरले संस्कृति संग मिल्ने कुनै रणनिती माध्यमको रुपमा दिनुभएको छ सुसमाचार मानिसहरु माझ पऱ्याउन र हामीले त्यसको उपयोग गर्न चुक्यौं मानिसले 'त्यो गलत हो' वा 'मलाई लाग्छ खेलकुद पाप हो' वा 'हामीले यो पहिले कहिल्यै गरेका छैनौ' भनेको कारणले भने त्यो भने पक्के गलत कुरो हो ।

पक्कै पनि बाइबलका सिद्धान्तहरुमा छलफल गरेर ( र त्याहा अरु पनि छन्), जसले व्यक्ति र मण्डलीलाई यस प्रकारको सेवकाईलाई अपनाउन आधार प्रदान गर्दछ । परमेश्वरले दोष नलगाएको धारणालाई पन्छाउन खोज्नु मानिस निर्मित धारणाको कारण भने त्यो गलत हुन्छ ।

यदि बाइबलले त्यसलाई दोषी भन्छ, वा यदि बाइबलले त्यसको बारेमा चेतावनी दिन्छ भने, विश्वासी र मण्डलीले त्यसमा ध्यान दिनुपर्छ र परमेश्वरको वचनको आदर गर्न आज्ञाकारी हुनुपर्छ, वा बुद्धिको प्रर्दशनको निम्ति । यद्दपि खेलकुद र मनोरञ्जनलाई बाइबलीय दोष भेटिंदैन, दोषको कुनै सल्लाह पनि छैन । व्यक्तिले र मण्डलीले खेलकुदको बरदानहरु परमेश्वरको कामको निम्ति... उहाको महिमाको निम्ति र राज्यको निम्ति प्रयोग गर्न पूर्ण स्वतन्त्रता छ ।